# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

## बालाजु, काठमाडौँ।

## खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्न दरखास्त आह्वान सबन्धी सूचना।

**(प्रकाशित मिति : २०८२/०९/१८)**

यस लिमिटेडको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहायका पद, तह र सेवा/समूहमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्न लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णय बमोजिम तोकिएको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ। खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षामा सहभागी हुनका लागि यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र परीक्षा दस्तुर बापतको रकम सहित यस लिमिटेडको वेबसाईट (**www.izml.gov.np**) को अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन पेस गर्नुपर्नेछ। दरखास्त फाराम भर्ने सम्बन्धमा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ। तोकिएको अवधिभित्र दरखास्त पेस नगरेका वा रीतपूर्वक दरखास्त फाराम नभरेका उम्मेदवारहरू परीक्षामा सहभागी हुन नपाउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | खुला | समावेशीतर्फ | | | | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ.ज. | मधेशी | अपाङ्ग | |
| १. | ९/०८२/८३ | अधिकृत | ६ | प्रशासन | १ | | | | | स्नातक तह वा सो सरह उत्तीर्ण |
| | १०/०८२/८३ | | | | | १ | | | | |
| २. | ११/०८२/८३ | वरिष्ठ सहायक | ५ | प्रशासन | | | | १ | | प्रमाणपत्र वा सो सरह उत्तीर्ण |
| ३. | १२/०८२/८३ | सब-इन्जिनियर/ व.स. | ५ | प्राविधिक/ इलेक्ट्रिकल | १ | | | | | सम्बन्धित इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| | १३/०८२/८३ | | | | | १ | | | | |
| ४. | १४/०८२/८३ | सब-इन्जिनियर/ व.स. | ५ | प्राविधिक/ सिभिल | १ | | | | | सम्बन्धित इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| | १५/०८२/८३ | | | | | १ | | | | |
| | १६/०८२/८३ | | | | | | | १ | | |
| ५. | १७/०८२/८३ | कार्यालय सहायक | ४ | प्रशासन | २ | | | | | एस.एल.सी. वा सो सरह उत्तीर्ण वा एस.ई.ई.मा कम्तीमा सी ग्रेड प्राप्त |
| | १८/०८२/८३ | | | | | | | १ | | |
| | १९/०८२/८३ | | | | | | | | १ | |
| ६. | २०/०८२/८३ | सहायक (प्रा.) | २ | प्राविधिक/ इलेक्ट्रिकल | २ | | | | | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा कम्तीमा तीन महिनाको तालिम प्राप्त वा सम्बन्धित विषयमा टी.एस.ई.ई.मा कम्तीमा सी ग्रेड प्राप्त |
| | २१/०८२/८३ | | | | | | १ | | | |
| | २२/०८२/८३ | | | | | | | | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचना**: सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-wo-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भएपश्चात सोही अनुसार पदपूर्ति गरिनेछ।

**नोट:**

१. **सेवाको किसिम:** स्थायी।

२. **सेवाको सर्त, तलब भत्ता तथा सुविधा:** लिमिटेडको प्रचलित विनियमानुसार हुनेछ।

३. **कामको किसिम र काम गर्नुपर्ने क्षेत्र:** प्रचलित कानूनको अधीनमा रही लिमिटेडले तोके बमोजिम हुनेछ।

४. **परीक्षा दस्तुर:** अधिकृत, तह ६ का लागि रु.१,२००/- वरिष्ठ सहायक/सब इन्जिनियर, तह-५ का लागि रु. ७००/-, कार्यालय सहायक, तह ४ का लागि रु. ५००/- र सहायक (प्रा), तह २ का लागि रु. ३००/- दस्तुर लाग्नेछ। एउटै पद/तहको एकभन्दा बढी समूहमा दरखास्त दिँदा प्रत्येक समूहको पदका लागि ५० प्रतिशत थप दस्तुर बुझाउनुपर्नेछ। अनलाइन दरखास्त प्रणालीमा राखिएको भुक्तानी गेट वे प्रयोग गरी परीक्षा दस्तुर बुझाउन सकिनेछ।

५. **उम्मेदवारको उमेरको हद:** दरखास्त दिने अन्तिम मितिसम्म अधिकृत स्तरको हकमा उमेर २१ वर्ष र सहायक स्तरको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला उम्मेदवारको हकमा उमेरको हद ४० वर्ष हुनेछ। यस लिमिटेडमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन।

६. **दरखास्त दिने अन्तिम मिति:** २०८२।१०।१७ र दोब्बर दस्तुर तिरी २०८२।१०।२४ सम्म बुझाउन सकिनेछ। तर दरखास्त दिने अन्तिम मिति पछि प्राप्त भएको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र तथा उमेरको हद मान्य हुनेछैन।

७. **पूर्व योग्यता परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने** : विज्ञापन नं.१७, १८ र १९/०८२/८३, कार्यालय सहायक (प्र), तह ४ को पदका लागि दरखास्त दिने उम्मेदवारहरूले लोक सेवा आयोगबाट मिति २०८२।७।१५ मा सङ्गठित संस्थाहरूको अप्राविधिक तर्फका सहायक स्तर द्वितीय श्रेणी वा सो सरहका पदका लागि लिइएको पूर्व योग्यता परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

८. **समावेशीतर्फ दरखास्त पेस गर्ने आधार:** समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिने उम्मेदवारहरूले आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको आधारमा र एक जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिएको कागजात। तराई-मधेसमा बसोबास गर्ने मधेसीको हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम संस्थाबाट प्रमाणित गरेको आधारमा तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको कागजात। दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको आधारमा, एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराएको कागजात। अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको आधारमा।

९. **उम्मेदवारको छनोट विधि:** उम्मेदवारहरूको छनोट लिखित परीक्षा, प्रयोगात्मक/कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताबाट हुनेछ। आवेदन स्वीकृत भएका उम्मेदवारहरू मात्र लिखित परीक्षामा र लिखित परीक्षामा सफल भएका उम्मेदवारहरूले मात्र प्रयोगात्मक/कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सहभागी हुन पाउनेछन्।

१०. **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** उपरोक्त विज्ञापनहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। लिखित परीक्षाको प्रक्रिया, समय र स्थान लोक सेवा आयोगबाट सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

११. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरूको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ।

१२. **परीक्षणकालको अवधि:** पुरुष कर्मचारीका लागि १ वर्ष र महिला कर्मचारीका लागि ६ महिना परीक्षणकाल अवधि रहनेछ। यस लिमिटेडमा कार्यरत स्थायी कर्मचारीको हकमा पुन: परीक्षणकाल लागू हुनेछैन।

१३. **पाठ्यक्रम:** सबै पदहरूको लिखित परीक्षाको पाठ्यक्रम लिमिटेडको वेबसाइट **www.izml.gov.np** मा राखिएको छ।

१४. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण लिमिटेडको वेबसाइटमा राखिएको छ। यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि फोन.नं.०१-४९५०८४९, ०१-४९५०५२३ मा सम्पर्क गर्न सकिनेछ।

**सदस्य सचिव**